

के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्नेछ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्क: प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २५ ❑ अङ्क ७ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८० माघ ७ गते आइतबार ❑ 21 Jan. 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।–

## मुग्लिन–पोखरा १९.५ किलोमिटर सडक कालोपत्र

**पोखरापत्र संवाददाता**
दमौली, ६ माघ

मुग्लिन-पोखरा सडक विस्तार योजनाअन्तर्गत तनहुँमा १९.५ किलोमिटर सडकखण्ड कालोपत्र भएको छ। तनहुँको आँबुखैरेनी र बन्दीपुर खण्डमा हालसम्म १९.५ किलोमिटर सडकखण्ड कालोपत्र सकिएको हो।

सडक योजना पूर्वी खण्डका इञ्जिनियर विष्णुप्रसाद पाण्डेले बन्दीपुर गाउँपालिका-१ नाहालादेखि छिर्कने, आँबुखैरेनी गाउँपालिका-१ सत्रसय, बरादी खण्डमा कालोपत्र सकिएको जानकारी दिनुभयो । त्यसमध्ये ७.२ किमी खण्डमा दुईतर्फी नै कालोपत्र सकिएको छ । उहाँले भन्नुभयो, "सबैगरी १९.५ किलोमिटर कालोपत्र भएको छ। कालोपत्रमध्ये ७.२ किमीमा दुईतर्फी कालोपत्र सकिएको छ । हाल बरादीदेखि सत्रसय जोड्ने खण्डमा कालोपत्रको काम भइरहेको छ।" त्यसपश्चात् बरादीदेखि आँबुखैरेनी गाउँपालिका चोकसम्म दुईतर्फी सडक कालोपत्रको काम हुने पाण्डेले बताउनुभयो । उहाँका अनुसार पूर्वीखण्डअन्तर्गत आँबुखैरेनीदेखि जामुनेसम्मको प्रगति ४४ प्रतिशत रहेको छ।

यसअघि खाल्डाखुल्डी र धुलाम्य सडक हुँदा यात्रा असहज भएकामा हाल कालोपत्रको काम अगाडि बढेपछि यात्रामा सहजता आएको स्थानीय बताउँछन् । पूर्वी खण्डअन्तर्गत दमौली मादी नदीमा आर्क डिजाइनको पुल



निर्माणको काम सुरु भएको छ। व्यास नगरपालिका-४ र ५ जोड्ने मादी नदीमाथि रू एक २१ करोड लागतमा आर्क डिजाइनमा पुल निर्माण हुन लागेको इञ्जिनियर पाण्डेले जानकारी दिनुभयो। उहाँका अनुसार पुल निर्माणका लागि आवश्यक काम भइरहेको छ । इञ्जिनियर पाण्डेका अनुसार पुलका लागि दुई सय १० पाइलमध्ये ५२ वटा पाइलको काम सकिएको छ। उहाँले दुई वटा फाउण्डेशनको पाइलको काम सकिएको जानकारी दिनुभयो। हाल भइरहेको पुलभन्दा केही माथि नयाँ पुल निर्माण हुँदैछ।

मुग्लिन-पोखरा सडक विस्तार आयोजनाले दुई खण्डमा सम्झौता गरेर काम गरिरहेको छ। पूर्वी खण्डको कामका लागि विसं २०७७ माघ १७ गते सम्झौता भई २०७८ वैशाख २ गतेदेखि काम सुरु भएको थियो। ४१.४५ किमी यो खण्डमा तीन ठूला र चार साना पुल निर्माण गरिनेछन्। पूर्वी खण्डको म्याद विसं २०८१ वैशाखसम्म रहेको छ।

यसैगरी मुग्लिन-पोखरा सडकको पूर्वी खण्डअन्तर्गत तनहुँको सदरमुकाम दमौली बजार क्षेत्रमा घर भत्काउन सुरु गरिएको छ । भत्काउनुपर्ने कुल ७० घरमध्ये ४५ परिवारले पहिलो किस्ताबापतको रकम बुझेर आफैँले भत्काउन सुरु गरेका हुन्।

घर भत्काइसकेपछि दोस्रो किस्ता भुक्तानी गरिने मुग्लिन-पोखराको पूर्वी खण्डका इन्जिनियर विष्णुप्रसाद पाण्डेले जानकारी दिनुभयो । उहाँका अनुसार दमौली बजार क्षेत्रका घरको क्षतिपूर्तिका लागि करिब रु छ करोड खर्च हुनेछ। "सबै जनाले पहिलो चरणको मुआब्जा लिएमा ६० प्रतिशत वितरण सकिन्छ, अबको डेढ महिनाभित्र दमौली बजार क्षेत्रका घर भत्किइसक्ने अपेक्षा गरिएको छ", उहाँले भन्नुभयो । जिल्लाको बन्दीपुर गाउँपालिकास्थित डुम्रेबजार क्षेत्रबाट सडक विस्तार तीव्रगतिमा अघि बढेकाले त्यसपछि दमौली बजार क्षेत्रमा काम गरिने उहाँले बताउनुभयो । घरधनी स्वयंले घर भत्काउने भएकाले आयोजनाले उनीहरूलाई घर भत्काउन ताकेता गर्ने, समय- समयमा बैठक बस्ने र नगरपालिकाले पनि भत्काउनका लागि प्रोत्साहन गर्नेलगायतका काम भइरहेको उहाँले बताउनुभयो।

विसं २०२६ मा रेखाङ्कन भएको सडकमा सवारीको चाप बढ्दै गएपछि एशियाली विकास बैंक (एडिबी)को ऋण सहयोगमा सडक चार लेनको बनाउन लागिएको आयोजना कार्यालयले जनाएको छ । पूर्वी खण्डको ठेक्का रू छ अर्ब २१ करोड ३१ लाख १३ हजारमा र पश्चिम खण्डको ठेक्का रू सात अर्ब ४० करोड ४६ लाखमा लागेको छ। पश्चिम खण्डअन्तर्गत जामुनदेखि पोखरासम्म विसं २०७८ जेठ २ गते सम्झौता भई विसं २०७८ भदौ १२ गतेदेखि काम सुरु भएको थियो । यो खण्डको म्याद विसं २०८१ भदौसम्म रहेको छ । चार लेनको बन्दा सडक सीमा दुईतर्फी २५/२५ मिटर हुनेछ । बाक्लो बस्ती भएका स्थानमा ४१ मिटर चौडाइको सडक बन्नेछ । डिजाइनअनुसार तनहुँको दमौली र डुम्रे बजारमा ४१ मिटरकोसडकबन्नेछ।दुलेगौडादेखि खैरेनीटार बजारसम्म, कोत्रे बजार क्षेत्र र कास्कीको गगनगौडादेखि पोखरासम्म सडकको चौडाइ ४६ मिटरको हुनेछ।

## बेनी–जोमसोम–कोरला सडक निर्माणलाई गति दिन मन्त्री ज्वालाको निर्देशन

**पोखरापत्र संवाददाता**
पोखरा, ६ माघ

भौतिक पूर्वाधार तथा यातायात मन्त्री प्रकाश ज्वालाले राष्ट्रिय गौरवको कालीगण्डकी करिडोरअन्तर्गत बेनी-जोमसोम-कोरला सडक निर्माणलाई गति दिन निर्देशन दिनुभएको छ । बेनी-जोमसोम-कोरला सडक म्याग्दी खण्डको शनिबार निरीक्षणका क्रममा उहाँले मन्त्री ज्वालाले निर्माणमा ढिलाइ भएको भन्दै सम्बन्धित निर्माण व्यवसायीलाई निर्देशन दिनुभयो।

"राष्ट्रिय गौरवको कालीगण्डकी करिडोर सडक आयोजनामा भएको ढिलासुस्तीले सबैको ध्यान तानेको छ", उहाँले भन्नुभयो, "कतिपय स्थानमा काम भएको पनि देखिएको छ। कतिपय स्थानमा अझै ठेकेदारले ढिलासुस्ती गरेको देखियो। स्थानीयस्तरमा कतै निर्माण सामग्रीको अभाव पनि देखिएको छ । किन ढिलासुस्ती भयो भन्नेबारे हाम्रो अनुगमन केन्द्रित भएकाले यसबारेमा सम्बन्धित निकायसँग चाँडै छलफल गर्दछौँ ।" मन्त्री ज्वालाले यहाँबाट फर्किएपछि तुरुन्तै सबै पक्षसँग बसेर एउटा निष्कर्ष निकाली सडक निर्माणलाई गति दिने वातावरण बनाउने बताउनुभयो । "करिडोर आयोजना निर्माणमा देखिएका समस्यालाई स्थलगतरूपमा नै अध्ययन र अनुगमन गर्न सडक विभागको टोलीसहित आएको छु", उहाँले भन्नुभयो, "सडक निर्माणमा देखिएको समस्याबारे तुरुन्त समाधान गरेर निर्माणलाई गति दिन्छौँ।" त्यस अवसरमा गण्डकी प्रदेश सरकारका



भौतिक पूर्वाधार तथा यातायात व्यवस्थामन्त्री रेशमबहादुर जुग्जाली, सडक विभागका महानिर्देशक सुशीलबाबु ढकाल, म्याग्दीका प्रमुख जिल्ला अधिकारी लक्ष्मण ढकाल र कालीगण्डकी करिडोरअन्तर्गत बेनी-जोमसोम-कोरला सडक आयोजना प्रमुख ध्रुव झा, प्रहरी नायब उपरीक्षक मदन कुँवरलगायतले सडक निर्माणको अवस्थाबारे जानकारी लिनुभएको थियो । सो टोली म्याग्दीको रघुगङ्गा गाउँपालिका-२ बैसरी र सिरुवारीस्थित पहिरोग्रस्त क्षेत्रको पनि अनुगमन गरेको हो। म्याग्दी, मुस्ताङ र पर्वतमा निर्माणाधीन रु सात अर्ब ५५ करोड लागत अनुमान गरिएको योजनाका लागि गत आर्थिक वर्ष २०७९/८० सम्म रु छ अर्बभन्दा बढी खर्च भइसकेको छ। हालसम्म छवटा खण्डमा ८५ किलोमिटर ग्राभेल र दुईवटा खण्डको १९ किलोमिटर सडक कालोपत्र गर्ने काम सकिएको छ। अठारवटा पक्की पुल र तीनवटा बेलीब्रिज निर्माण सकिएको आयोजना प्रमुख ध्रुव झाले बताउनुभयो । बेनी-जोमसोम-कोरला सडक स्तरोन्नतिसहित दुई लेनको कालोपत्र र ग्राभेल गर्न आव २०७३/७४ देखि सुरु भएको योजनाको हालसम्म ७५ प्रतिशत भौतिक प्रगति भएको छ । तेह्रवटा खण्डमध्ये आठ खण्डको निर्माण सकिएको छ । कमजोर भूगोल, प्राकृतिक प्रकोप र निर्माण व्यवसायीको ढिलासुस्तीका कारण म्याग्दी खण्ड र पर्वतको मालढुङ्गादेखि बेनीको खण्डमा अपेक्षा गरेअनुसार निर्माणले गति लिन नसकेको विषयमा गण्डकीका भौतिकमन्त्री जुग्जालीले सङ्घीयमन्त्री ज्वालाको ध्यानाकर्षण गराउनुभएको थियो । सर्वोच्च अदालतको विसं २०७८ असार २९ गतेको आदेशका कारण कालीगण्डकी करिडोरअन्तर्गत गण्डकी प्रदेशमा सञ्चालित पूर्वाधार आयोजनामा नदीजन्य निर्माण सामग्रीको अभाव र ढिलासुस्ती भएको उहाँले बताउनुभएको थियो । सर्वोच्च अदालतले कालीगण्डकी नदीबाट ढुङ्गा, गिट्टी र बालुवा उत्खनन तथा निकासीमा रोक लगाएपछि विकास आयोजना निर्माण प्रभावित भएको छ।

## खेलकुदको प्रवर्द्धन गर्न राखेप र गण्डकी विश्वविद्यालय बिच सम्झौता

**पोखरापत्र संवाददाता**
पोखरा, ६ माघ

खेलकुद क्षेत्रको प्रबर्द्धन गर्न राष्ट्रिय खेलकुद परिषद (राखेप) र गण्डकी विश्वबिद्यालय बिच सम्झौता भएको छ।

पोखरा रंगशालामा शनिबार आयोजित एक समारोहका बिच राखेपका सदस्य सचिव टंकलाल घिसिङ र गण्डकी विश्वबिद्यालयका रजिष्टार डा.कैलाश तिमिल्सिना बिच तीन बर्षको लागि सम्झौता पत्रमा हस्ताक्षर भएको हो।

खेलकुदको व्याचलर कोष समावेस गरेको गण्डकी विश्वबिद्यालयले राखेपसंगको सहकार्यमा खेलकुद क्षेत्रको थप प्रबर्द्धन गरी गुणस्तरिय शिक्षा हासिल गर्न पनि थप मद्धत पुग्ने भएको राखेप सदस्य सचिव घिसिङले विश्वास व्यक्त गर्नु भयो। त्रिभुवन विश्व बिद्यालयसंग समेत यसरी सम्झौता नगरेको अबस्थामा गण्डकीबाट सुरु भएकोउक्त अभियान अब विस्तारै अन्य प्रदेशमा समेत हुने उहाँले जनाउनु भयो। नेपालको सपना ओलम्पिकमा पदक जित्नको लागि बिद्यालयस्तरबाटै खेलकुदलाई उच्च प्रथामिकता दिदै व्याचरल हुदै खेलकुद विश्वबिद्यालयसम्म



लैजानुपर्ने सदस्य सचिव घिसिङको भनाई छ । उहाँले बिद्यालयस्तरबाट खेलकुदको जग बसाल्न कक्षा ४ देखि १२ कक्षासम्मको लागि १०० पूर्णाङ्कको खेलकुद बिषयलाई समेट्ने प्रस्तावन पेश गरिएको खुलसा गर्नु भयो। स्पोर्ट्स विश्व बिद्यालय स्थापना गर्नु पूर्व बिद्यालय स्तरबाटै खेलकुदको पाठ्यक्रममा समावेश गरेर मात्र जादा त्यसको उपयोगी र प्रभावकारीता हुने भएको सदस्य सचिव घिसिङले जनाउनु भयो । नेपाल खेलकुद विज्ञान प्रतिष्ठानमा हाल १५ दीन देखि एक बर्षको कोर्षहरु संचालन हुने भएको प्रतिष्ठानका निर्देशक कृष्ण तिमिल्सिनाले बताउनु भयो। गण्डकी विश्वबिद्यालयका डिन डा.कपिल अधिकारीले नेपालमै पहिलो पटक आफ्नो विश्वबिद्यालयमा खेलकुदको व्याचलर कोर्ष संचालन गरेको दाबी गर्नु भयो । खेलकुदमा प्राविधिक सहितको ज्ञान आवश्यक भएको उहाँको भनाई थियो । गुणस्तरीय शिक्षा अभिवृद्धि गर्न र फिटनेस प्रति मानसिक रुपमा सुदृढ गर्न खेलकुद सम्बन्धी गतिविधिहरू प्रवर्द्धन गर्न गण्डकी विश्वविद्यालय र राष्ट्रिय खेलकुद परिषद्-नेपाल बीच सहकार्यको लागि सम्झौता भएको राखेपले जनाएको छ । त्यसै गरी संयुक्त रूपमा खेलकुद कार्यक्रमहरू, प्रतियोगिताहरू आयोजना गर्दै जाने, खेलकुद र शारीरिक तन्दुरुस्तीसँग सम्बन्धित अनुसन्धान परियोजनाहरूमा सहकार्य गर्दै अघि बढ्ने, खेलकुद र शारीरिक फिटनेस गतिविधिहरूको लागि सुविधा र उपकरण साझेदारी, खेलकुद तथा शारीरिक तन्दुरुस्तीमा रुचि राख्ने विद्यार्थी तथा नागरिकहरूलाई तालिम र प्रशिक्षण प्रदान गर्ने सम्झौतामा उल्लेख गरिएको छ । संयुक्त प्रचार अभियान मार्फत खेलकुद र शारीरिक फिटनेस प्रवर्द्धन, प्राध्यापक, शिक्षक र विद्यार्थीहरूको आदानप्रदान शैक्षिक सामग्री र प्रकाशनहरूको आदानप्रदान, कुसल खेलाडीहरूका लागि तालिम र छात्रवृत्तिको व्यवस्था र आदानप्रदान कार्यक्रम लगायतका कार्यक्रम गर्न सम्झौता भएको हो। विभिन्न कार्यक्रम गर्न सयुक्त रूपमा रकम निर्धारण गर्नेछन् भने अन्यथा सहमति नभएसम्म प्रत्येक पक्षले आफ्नै लागत र खर्च वहन गर्ने भएको राखेप सदस्य राजेश गुरुङले जनाउनु भयो । राष्ट्रिय खेलकुद परिषद् नेपालको खेलकुद विकासको सर्वोच्च निकाय हो । खेलकुद मन्त्रालयबाट आर्थिक सहयोग आइरहेको छ । यसले खेलकुदका लागि विकास परियोजनाहरू सञ्चालन गर्दछ।

यसअन्तर्गत १५० भन्दा बढी खेलकुद संघ र ६ महासंघ आबद्ध छन्। यसमा "स्वास्थ्यका लागि खेलकुद, राष्ट्रका लागि खेलकुद" भन्ने नारा छ। यो युवा तथा खेलकुद मन्त्रालय अन्तर्गत पर्दछ।

सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# टाइगरकप महिलातर्फ एपिएफद्वारा उपाधिमा ह्याट्रिक, पुरुषतर्फ हेल्प नेपाल च्याम्पियन

**पोखरापत्र संवाददाता**
पोखरा, ६ माघ




पोखरामा सम्पन्न चौथो टाइगर कप भलिबल प्रतियोगितामा महिलातर्फ विभागिय टोली सशस्त्र प्रहरीको एपीएफले उपाधिमा ह्याट्रीक गरेको छ भने पुरुषतर्फ टिपटप हेल्प नेपाल स्पोर्टस क्लबले उपाधि जितेको छ।

शनिबार सम्पन्न महिलातर्फको फाइनलमा चन्द्रागिरी न्यु डायमण्ड क्लबलाई ३-० को सोभ्fो सेटमा हराउँदै तेस्रो पटक लगातार उपाधि जितेको हो। यो जित संगै एपिएफले उपाधिमा ह्याट्रिक गरेको हो । पहिलो सेट एपीएफले २५-२० र दोस्रो सेट २५-१८ तथा तेस्रो सेट २५-२१ ले जित्दै एपिएफले नगद रु ५लाख ५५ हजार ५५५ प्राप्त गर्न सफल भएको छ। उपबिजेता न्यू डायमण्डले नगद रु २ लाख ५५ हजार ५५५ प्राप्त गर्न सफल भएको छ । यता पुरुषतर्फ भने टिपटप हेल्प नेपाल स्पोर्टस क्लब काठमाण्डौ च्याम्पियन भएको छ । तीन जना भारतिय खेलाडी सम्मिलित डिफेन्डिङ च्याम्पियन गण्डकी प्रदेश भलिबल संघलाई तीन जना पाकिस्तानी खेलाडी सम्मिलित हेल्प नेपाल स्पोर्टस क्लबले ३-१ को सोभ्fो सेटमा पराजित गर्दै च्याम्पियन भएको हो । खेलमा पहिलो सेट २५-१३ ले जितेको हेल्प नेपालले दोश्रो सेट २५-१८ ले जित्दै दवाबमा राखे पनि तेश्रो सेटमा खेलमा पुनरागमन गर्दै गण्डकीले २६-२५ ले जित्यो तर चौथो सेट हेल्प नेपालले २५-१७ ले सहज जित दर्ता गर्दै पहिलो पटक उपाधि समेत जितेको छ । खेलका सबै मोमेन्टमहरु आफ्नो पक्षमा पारेको हेल्प नेपालको रणनितीलाई चिर्न नसक्दा गण्डकी उपविजेतामा चित्त बुझाउन बाध्य भएको छ । च्याम्पियन भए संगै हेल्प नेपाल स्पोर्टस क्लबले नगद रु ५ लाख ५५ हजार ५५५ का साथमा ट्रफी, मेडल र प्रमाणपत्र हात पारेको छ भने उपविजेता गण्डकीले नगद रु २ लाख ५५ हजार ५५५ प्राप्त गरेको छ । यसै गरी पुरुषतर्फ सशस्त्र प्रहरीको एपिएफ क्लबले तेश्रो स्थान प्राप्त गरेको छ। शनिबार नै सम्पन्न तेश्रो स्थानको खेलमा पाहुना टोली श्रीलंका आर्मी टिमलाई सोझो ३-० सेटमा पराजित गरेको छ । पहिलो सेट २५-२३, दोश्रो सेट २५-२१ र तेश्रो सेट २७-२५ ले जित्दै प्रतियोगितामा तेश्रो स्थान प्राप्त गरे संगै नगद रु १ लाख २५ हजार ५५५ को हात पारेको छ।

प्रतियोगितामा महिलातर्फ एपिएफ क्लबकी निरुता ठगुन्ना र पुरुषतर्फ टिपटप हेल्प नेपालका फकर उद्धिन घोषित भएका छन् । फकर उद्धिन पाकीस्तानी खेलाडी हुन् । उनीहरुले ट्रफीका साथमा जनही नगद रु २५ हजार ५५५ प्राप्त गरे। यसै गरी विद्यागत रुपमा उत्कृष्ट स्पाइकरमा एपिएफकी सरस्वती चौधरी, सर्भरमा एपिएफकी जस्मिता महतो, उत्कृष्ट सर्भरमा न्यू डायमण्डकी बालमिका आचार्य, उत्कृष्ट ब्लकरमा आर्मीकी सुनिता खड्का, र उत्कृष्ट न्यू डायमण्डकी सलिना श्रेष्ठ भए भने उत्कृष्ट प्रशिक्षकमा एपिएफका महेश चौधरी घोषित भए । उनीहरुले जनही नगद १५ हजार बराबरको गिफ्ट ह्याम्परका साथमा ट्रफी प्राप्त गरेका छन् ।

त्यसै गरी पुरुषतर्फ उत्कृष्ट स्पाइकरमा टिप टप हेल्प नेपालका पाकीस्तानी खेलाडी मजहर अली, सोही टिमका पाकीस्तानी खेलाडी मोहमद काशिफ उत्कृष्ट सेटर हुँदा सोही टिमका दिपक थापा घोषित भए । त्यसै गरी उत्कृष्ट सर्भरमा गण्डकीका हिमाल सुनारी घोषित हुँदा उत्कृष्ट ब्लकरमा गण्डकीकै भारतीय खेलाडी रामास्वामी आङ्गामुथु घोषित भए भने पुरुष तर्फ टिपटप हेल्प नेपालका प्रशिक्षक उत्सव खडका घोषित भए । उनीहरुले जनही नगद १५ हजार बराबरको गिफ्ट ह्याम्परका साथमा ट्रफी प्राप्त गरेका छन् ।

गत माघ १ गतेबाट सञ्चालित चौथो टाइगर कप राष्ट्रिय तथा अन्तर्राष्ट्रिय आमन्त्रण क्लबस्तरिय प्रतियोगितामा महिला र पुरुष गरी १२ टिमको सहभागिता रहेको थियो । लिग कम नकआउटका आधारमा सञ्चालित प्रतियोगितामा महिलातर्फ एक भारतीय र पुरुषतर्फ श्रीलंकाको आर्मी टिमले सहभागिता जनाएका थिए। बिजेता टिम तथा खेलाडीहरुलाई राष्ट्रिय खेलकुद परिषदका सदस्य सचिब टंकलाल घिसिङ, प्रदेश खेलकुदका सदस्य सचिब श्रीधर शर्मा, पोखरा महानगर पालिकाका प्रमुख धनराज आचार्य, नेपाल भलिबल संघका अध्यक्ष जितेन्द्र बहादुर चन्द, केल्मी नेपालका उत्तम न्यौपानेलगायतले ट्रफी, मेडल र प्रमाणपत्र वितरण गरेका थिए।

समापन कार्यक्रम टाइगर ग्रुप अफ पोखरा नेपालका अध्यक्ष नारायण प्रसाद शर्माको अध्यक्षतामा सम्पन्न भएको थियो।

# पोखरा महोत्सवमा एक रुपैया अभियानका दिपेन्द्र घिसिङलाई सहयोग

**पोखरापत्र संवाददाता**
पोखरा, ६ माघ



पाइलट बन्नका लागि एक रुपैया अभियानका दिपेन्द्र घिसिङ तामाङलाई पोखरामा जारी पोखरा महोत्सवमा नगद सहयोग गरिएको छ।

सरकारी निकाय र घरपरिवारबाट समेत सहयोग नपाएका दिपेन्द्र घिसिङ तामाङलाई पोखरामा जारी बाह्रौं पोखरा महोत्सवमा सहयोग गरिएको हो । घिसिङलाई महोत्सव आयोजक यूनाइटेड क्लबले नगद ५० हजार रुपैया प्रदान गरेको हो । दोलखा बैतेश्वर गाउँपालिका वडा नम्बर १२ निवासी दिपेन्द्र घिसिङ तामाङले सानैदेखि पाइलट बन्ने सपना बोकेको भएतापनि परिवारबाट सहयोग नपाएपछि सरकारी निकायहरु हुदै २२ सय वढी नेताहरु समेत हार गुहार गर्दा सम्पूर्णबाट आश्वनमात्रै पाएको र आफ्नो सपना पुरा गर्नका लागि एक रुपैया अभियान सञ्चालन गर्दै आएका छन । पोखराको अमरसिंह मैदानमा जारि बाह्रौं संस्करणको पोखरा महोत्सवमा शनिवार घिसिङलाई महोत्सव आयोजक यूनाइटेड क्लबका पदाधिकारीहरुले महोत्सवकै बीच घिसिङलाई नगद ५० हजार रुपैया प्रदान गरेको हो । दिपेन्द्र संगै विभिन्न पाँचवटा क्यान्सरबाट पिडित पोखरा १७ बिरौटाकी लक्ष्मी शर्मा पोखरेललाई समेत नगद २५ हजार प्रदान गरेको छ। सो अवसरमा वोल्दै पाइलट बन्नका लागि एक रुपैया अभियानका अभियनता दिपेन्द्र घिसिङले आफु सानै देखि पाइलट बन्ने सपना देखेर अगाडि बढेको भएतापनि घरपरिवारमा समस्या उत्पन्न भइ सहयोग नपाएको, विभिन्न सरकारी निकाय संग सहयोग माग्दापनि पाइलट बन्ने विषयमा कहीकतैबाट सहयोग गर्न नसकिने भन्दै फर्काएको र विभिन्न २२ सय बढी नेताहरुलाई भेटेर आफ्नो कुरा राख्दा पनि आश्वसन मात्रै पाएपछि एक रुपैया संकलन अभियानमा हिडेको वताए । नेपालमा रहेका डेढ करोड जनता संग एक रुपैया उठाएरै आफु पाइलट बन्ने अठोटका साथ अगाडि बढिरहदा पोखरा महोत्सवमा आयोजकले नगद ५० हजार रुपैया सहयोग पाउदा आफ्नो अभियानमा थप इट्टा थपिएको समेत वताए।

घिसिङले हाल सम्म ६० लाख रुपैयाँ संकलन गरिसकेको समेत बताए। त्यस्तै विभिन्न पाँच वटा क्यान्सरबाट प्रभावित लक्ष्मी शर्मा पोखरेलले पोखरा महोत्सव आयोजक यूनाइटेड क्लबले आफुलाई नगद सहयोग गरी हौसला प्रदान गरेको बताइन । शर्माले कुनैपनि रोग संग लड्नका लागि आत्मबल वलियो हुनुपर्ने वताउदै आफुहरुलाई धेरै पहिलेनै भारतको मेदान्त अस्पतालले मृत्युको डेट दिएको भएतानि सम्पूर्णको हौसला र साथले आफ्नो आत्मबल वढेकाले रोग संग लडेर अगाडी वढिरहेको वताइन । महोत्सवमा शनिवार पछिल्लो समय चिर्चित लोकदोहोरी गायक प्रकाश दुतराजको प्रस्तुतीमा दर्शकहरुले मनोरन्जन लिए । दुतराज संगै महोत्सवमा सम्झना लामिछाने मगर, जीवन दाहाल, दिनेश काफ्ले, सुरेन्द्र गुरुङ, कल्पना आले, प्रेमराज अधिकारी, प्रिन्स लम्साल, अंकिता गुरुङ लगायतको प्रस्तुती रहेको थियो भने साँझको लाइभ ब्याण्डमा भिटेनको प्रस्तुतीमा युवाहरुले मनोरन्जन लिए । महोत्सवको एघारौं दिन आइतबार लोकदोहोरी तर्फ ज्योति मगर, जिवन दाहाल, कृष्ण अखेली, शिवहरी ढुंगाना, रामजी पौडेल, सानु बिकास, गंगा पौडेल, पारु गुरुङ, बत्ती थापा लगायतको प्रस्तुती रहनेछ भने साँझको लाइभ ब्याण्डमा सुगम पोखरेलको प्रस्तुती रहने महोत्सव प्रचार प्रसार संयोजक दिनेश सुनारले जानकारी दिए।

महोत्सवमा बाल उद्यान, घरायसी सामाग्री, लत्ताकपडा, श्रृङगारका सामाग्री, भेषभूषामा तस्विर खिचाउने, घोड सवार, भिआर, याक हेर्नेको भीड लागेको छ। महोत्सवको टिकट घरमै बसेर रेभल एप मार्फत समेत दर्शकहरुले टिकट काट्न सकिने र टिकटमा समेत विशेष उपहार प्रदान गरिरहेको समेत सुनारले जानकारी दिए। महोत्सवमा जारी विद्यालय स्तरीय लोकनृत्य प्रतियोगितामा बेसलाइन एकेडेमी, सरस्वती आवासिय मावि, मेरिगोल्ड र ज्ञानज्योती विद्या सदन फाइनल राउण्डमा प्रवेश गरेको छ । विद्यालय स्तरीय लोकनृत्य प्रतियोगिताको फाइनल आइतबार दिनको एक बजे हुने विद्यालय स्तरीय लोकनृत्य प्रतियोगिताका संयोजक विष्णु गुरुङले जानकारी दिए।

# नेपाल पुस्तक तथा स्टेशनरी व्यवसायी महासंघ कास्कीको साधारण सभा सम्पन्न

**पोखरापत्र संवाददाता**
पोखरा, ६ माघ

नेपाल पुस्तक तथा स्टेशनरी व्यवसायी महासंघ कास्कीको ३० औं वार्षिक साधारण सभा विभिन्न प्रतिवेदन र कार्ययोजना अनुमोदन गर्दै सम्पन्न भएको छ।

कार्यक्रमको उद्धाटन गर्दै प्रमुख अतिथि पोखरा महानगरपालिका मेयर धनराज आचार्यले १४ वर्ष वर्षपछि कास्कीले नेपाल पुस्तक तथा स्टेशनरी व्यवसायी महासंघको केन्द्रिय नेतृत्वको लागि अग्रसर भएकोमा लक्ष्य प्राप्तिका लागि शुभकामना व्यक्त गरे।

कास्कीको यो पटकको कार्यसमिति गजबको रहेछ, युवाले स्थान पाएका र उत्कृष्ट काम गरेका तथा उनीहरुले अग्रजलाई सम्मान व्यक्त गर्ने र सिको गरेको कामबाट आफुलाई खुसि लागेको बताए । मैले पनि महासंघका बसेर दौडधुप गरेको छु। त्यसैले भन्ने गरेको छु, यसलाई राजनीतिले बिगार्न हुँदैन र राजनीतिको फेरो समातेर बैतर्नि तर्न पनि सकिदैन । आचार्यले भने, म महासंघको अध्यक्ष भएको १४ वर्ष भईसकेछ । त्यसपछि कास्कीबाट केन्द्रिय नेतृत्वमा नपुगेको त्यो रिक्ततालाई यसपटक देशैभरीमा उत्कृष्ट रहेको कास्कीले चयन गरेका उम्मेदवारहरु यहाँहरुकै पहलकदमीले जितको नतिजा निकाल्न संभव हुने बताए।

सो अवसरमा व्यवसायीको तर्फबाट भेषराज पौडेल, जिल्लाहरुको तर्फबाट स्याङजा अध्यक्ष छाँयादेवी लुईटेल, कस्मेटिकव्यवसायीसंघको तर्फबाट अध्यक्ष दुर्गा वराल, गण्डकी अध्यक्ष लीलाराम गौतम, यूआरएलका अध्यक्ष ठाकुरप्रसाद पन्त, अर्जुप्रसाद पाण्डे, कलम बचत तथा ऋण सहकारी संस्थाका अध्यक्ष अर्जुन पोखरेल, गण्डकीका निवर्तमान अध्यक्ष दुर्गा कुमार श्रेष्ठ, पोखरा उद्योग वाणिज्य संघका वरिष्ठ उपाध्यक्ष गोकर्ण कार्कि, सल्लाहकार देवकृष्ण काफ्ले, केन्द्रिय सचिव शकुन्तलादेवी शर्मा, पत्रकार आरजू विष्ट सल्यानीले महासंघ कास्कीले गरेका कामहरुको प्रशंसा गरेका थिए । उनीहरुले उदेश्य प्राप्तिका लागि बिचारलाई पर राखेर व्यवसायीक मुद्धाहरुमा केन्द्रित भई एकताबद्ध भएर अघि बढ्न आग्रह गरेका थिए। उनीहरुले अहिलेको जमानामा काम गर्ने शैली पनि फेरिएको र समयअनुसारको काम गर्न सक्ने युवा सम्मिलित समिति बनेकोमा आभार व्यक्त गरे।

कार्यक्रममा महासंघ गण्डकी प्रदेश सचिव तथा माघ २० गते पोखरामा हुने महासंघको अधिवेशनमा अध्यक्ष पदका प्रत्यासि कृष्ण प्रसाद पोखरेल, फागुन १८ र १९ गते काठमाडौंमा हुने केन्द्रिय अधिवेशनमा अध्यक्षका प्रत्यासि ऋषिशर्मा भण्डारी र सचिवका उम्मेदवार मोहनप्रसाद सापकोटाले महासंघलाई हाँक्न सक्ने सक्षम नेतृत्वको चाहना कास्कीले गरेकोले कास्की शाखालाई आभार व्यक्त गर्दै नतिजा आफ्नो पक्षमा पार्न गरिएको पहल हामीले सार्थक बनाउनु पर्ने बताए।

कार्यक्रममा विभिन्न कार्यक्रमको संयोजक भएर उत्कृष्ट काम गरेकाहरुलाई सम्मान गरिएको सहसचिव रामप्रसाद सुवेदीले बताए। सम्मानित हुनेहरुमा भुवन अधिकारी, प्रकाशप्रसाद पोखरेल, दीपेन्द्र पोखरेल, गीता अधिकारी, टीकाराम पौडेल रहेका छन्। यस्तै स्वास्थ्य सेवामा सहकार्य गरेका यूआरएलका अध्यक्ष ठाकुरप्रसाद पन्त तथा प्रिन्टिङ पार्टनर जिएस प्रिन्ट एण्ड सप्लायर्सलाई सम्मान पत्र र माला लगाई मेयर आचार्यले सम्मान गरेका थिए।यसअघि महासंघ कास्कीका दितिय उपाध्यक्ष ध्रुव पोखरेलले कार्यक्रममा सहभागिलाई स्वागत गरेका थिए। गुरुकुल विद्याश्रमका विद्यार्थीले नृत्य प्रस्तुत गरेका थिए । कार्यक्रमको अध्यक्षता कास्की अध्यक्ष कविन्द्रप्रसाद पोखरेलले गरेका थिए।

# राष्ट्रियसभा सदस्य निर्वाचन प्रचार-प्रसारका लागि प्रदेशस्तरमा कांग्रेस जाने

**रासस**
काठमाडौं, ६ माघ

नेपाली कांग्रेसले गठन गरेको राष्ट्रियसभा सदस्य निर्वाचन केन्द्रीय समन्वय समितिले प्रचार-प्रसारका निम्ति प्रदेशस्तरमा जाने निर्णय गरेको छ।


समितिको शनिबार बसेको बैठकले निर्वाचनका लागि समन्वय र सहजीकरणका लागि विभिन्न प्रदेश जाने निर्णय गरेको समितिका सचिव केशवराज जोशीले जानकारी दिनुभयो । "राष्ट्रियसभा सदस्य निर्वाचनका सन्दर्भमा सातवटै प्रदेशका उम्मेदवारसँग निर्वाचनबारे जानकारी लिई प्राप्त सुझावबारे छलफल गरियो", बैठकपछि जारी प्रेस विज्ञप्तिमा भनिएको छ । समितिका संयोजक नेता रमेश लेखकको अध्यक्षतामा बसेको बैठकमा यही माघ ११ मा हुने निर्वाचनका लागि पार्टीका उम्मेदवारसँग छलफल भएको थियो । राष्ट्रियसभाका रिक्त हुन लागेका कूल १९ सदस्यको निर्वाचनका लागि सत्तारुढ गठबन्धन दलले आपसमा सिट बाँडफाँट गरेका छन् । जसअनुसार नेपाली कांग्रेसले १०, नेकपा (माओवादी केन्द्र)ले छ, नेकपा (एकीकृत समाजवादी)ले दुई र जनता समाजवादी पार्टीले एक सिट लिएका छन्।


## कपालको उपचार

**कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने**

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



**सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.**
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

## प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

**प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।**

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
**स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.**
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

## के तपाईमा यौनसम्बन्धी समस्या छ

**पुरुषमा देखिने:** शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

**महिलाहरूमा देखिने:** स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडबडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

**सुन्दरता :** अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

**मलद्वार सम्वन्धी रोग :** छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

**महिला वा पुरुषमा हुने (बाँझोपन) नि:सन्तानपनको सफल उपचार**

**जाँच्ने समय:** प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
**माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.**
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादक: रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादक: नारायण भण्डारी
कार्यालय: नयाँबजार, पोखरा, फोन: ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रण: हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

# बिश्वकर्मा समाज पर्वत, स्याङ्जा, कास्कीद्वारा रक्तदान कार्यक्रम

**पोखरापत्र संवाददाता**
पोखरा, ६ माघ

बिश्वकर्मा समाज पर्वत स्याङ्जा कास्कीद्धारा शनिबार रक्तदान कार्यक्रम अध्यक्ष चन्द्र किशोर गौतमको सभापतित्वमा र संघीय सासद मन बहादुर गुरुङको प्रमुख आतिथ्यतामा सम्पन्न भयो।

उक्त कार्यक्रममा ५४ यूनिट रगत संकलन भएको थियो। कार्यक्रममा कास्की जिल्लामा सबैभन्दा धेरै पटक रक्तदान गर्ने लक्ष्मण गुरुङलाई सम्मान गरियो। उहाँले ८५ पटक रक्त दान गरिसक्नु भएको थियो। त्यसैगरी बिश्वकर्मा समुदाय बाट ३२ पटक रक्तदान गर्ने राम बहादुर सुनारलाई प्रोत्साहन स्वरप सम्मान गरिएको थियो। जातीय विभेद र अन्याय मा परेका ब्यक्तिहरुलाई कानुनी सहायता प्रदान गरि सहयोग गर्ने अधिवक्ता शिव सुनारलाई पनि सम्मान गरिएको थियो। कार्यक्रममा पूर्व गण्डकी प्रदेस सभा सदस्य मोहन रेग्मीले रक्तदान गर्दाको अनुभव राख्दै राख्दै म युवा संघको अध्यक्ष हुदाँ आन्दोलनमा लागेका घाइते हरुलाई बचाउन रक्तदानको शुरुवात गरेको थिए। आज पोखरामा धेरै सघ संस्थाले रक्तदान गरेका छन त्यसमा पनि यस समाजले गरेको कार्यक्रममा उपस्थित हुन पाउँदा गौरवान्वित



महसुस गरेकोछु, यस्ता सामाजिक कार्यले समाज परिवर्तनमा सहयोग पुग्ने वताउनुभयो। त्यसैगरी गण्डकी प्रदेशसभाका सदस्य माननीय डिलमाया बिश्वकर्माले समाजका धेरै कार्यक्रममा सहभागी भएको छु। सकारात्मक र रचनात्मक कार्य हरु भईरहेका छन। रगत सबैको रातो नै हुन्छ तर जातीय रुपमा विभेद किन गरिन्छ अब यस्तो नहोस रगत बिना शरिरको अर्थ छैन।त्यस कारण बिभेदको अन्त्य हुनुपर्छ भन्नुभयो। सम्मानित ब्यक्तित्व शिव सुनारले मलाई योग्य सम्झेर सम्मान गर्नुभएकोमा अझै जिम्मेवारी थपिएको महसुस भएको छ। अझै विभेद बिरुद्ध वकालत गर्ने साहस बढेको छ भन्नुभयो। त्यसैगरी ८५ औ पटक रक्तदान गरि सम्मानित हुनुहुने ब्यक्तित्व लक्ष्मण गुरुङले पहिला कम मान्छेले रक्तदान गर्थे शिक्षाको कमि थियो अहिले धेरैले रक्तदान गर्छन् आफ्नो रगतले धेरैलाई बचाउन सकेकोमा गर्व लाग्छ, अप्ठ्यारोमा परेकाले फोन गर्छन तुरुन्तै रक्तदान गरिन्छ। आज यसरी सम्मान गर्नुभएको कृतज्ञता जाहेर गर्दछु भन्नुभयो।

प्रमुख अतिथि माननीय मन बहादुर गुरुङले मानव जीवन बचाउन समाजले गरेको यो अनुकरणीय कार्यको प्रशंसाा गर्दछु। विभेद रहित समाज निर्माण गर्ने यो महत्त्वपूर्ण पाटो हो। हाम्रो आन्दोलन, हाम्रो अभियान, हाम्रो उद्देश्य समतामूलक समाज निर्माण नै हो।तर यतिले पुग्दैन, कला, सीप, क्षमता भएका नागरिक लाई राज्यले उचित ब्वयस्थापन गर्नुपर्छ। अन्याय अत्याचारको बिरुद्ध एक भई आवाज उठाउनु पर्छ। क्रियाशिल भई लाग्नुपर्छ हामी सधैं तपाईंको पक्षमा छौ भन्नभयो। कार्यक्रममा सल्लाहकार जिल्ला प्रहरी कार्यलय कास्कीका डि यस पी श्रवण कुमार बिश्वकर्मा, सल्लाहकार एवम् स्वास्थ्य बिभाग प्रमुख डा.दिनेश कुमार बिश्वकर्मा,पोखरा उच्च अदालतका सहायक न्यायाधिवक्ता गणेश बिश्वकर्मा, पोखरा मनपा कार्य पालिका सदस्य निर्मल दियाली, दाम बहादर बिश्वकर्मा, रत्न आभुषण महासंघका महासचिव किसान सुनार, कास्कीका अध्यक्ष भरत दियाली, जनमुखी सहकारीका पुर्व अध्यक्ष महेन्द्र बिश्वकर्मा, कुमार बिश्वकर्मा, सुनौलो महिला समुहका बिष्णु गौतम, सुनचाँदी व्यवसायी संघका सीता पंथी, रन बहादुर बिश्वकर्मा, अल्कापुरका बेल बहादुर बिश्वकर्मा लगायतले शुभकामना दिनुभएको थियो।

सभापति चन्द्र किशोर गौतमले रगतको अभावमा कोहि कसैले ज्यान गुमाउन नपरोस भनी रक्तदान कार्यक्रम आयोजना गरेका हौ र यसलाई उचाइमा पुऱ्याउन समाजका मुर्धन्य ब्यक्तिहरुलाई सम्मान गरिएको को छ। उहाँहरुलाई शुभकामना छ।

समाजका यस्ता धेरै कार्यक्रम यहाँ हरु समक्ष प्रस्तुत गर्छौ, यहाँहरुले नैतिक भौतिक आर्थिक रुपमा सहयोग पुऱ्याउनु भएकोमा र उपस्थित सबैलाई र रक्त संचारका प्राविधिक हरुलाइ धन्यवाद दिन चाहन्छु भन्नुभयो। कार्यक्रम संचालन सचिव खडक बहादुर सुनार र कार्यक्रम समापन कार्यक्रम संयोजक उपाध्यक्ष श्याम बहादुर रसाइलीले गर्नुभएको थियो।

# गुप्तेश्वर क्याम्पसमा एकरोड छ लाखको अक्षयकोष

**पोखरापत्र संवाददाता**
पोखरा, ६ माघ

पोखरा महानगरपालिका वडा नं. १७ छोरेपाटनस्थित गुप्तेश्वर महादेव वहुमुखी क्याम्पसमा एक करोड छ लाख ८७ हजार ४८५ रुपैया बराबरको अक्षयकोष स्थापना भएको छ।

क्याम्पसको १६ औं बार्षिकोत्सव समारोहमा स्थानीय समाजसेवी हरिप्रसाद लम्साल र सुमित्रा लम्साल दम्पत्तिले पुर्खाको सम्झनामा टिकाराम लम्साल स्मृति गरिव तथा जेहेन्दार छात्रवृत्ति अक्षयकोष स्थापनार्थ एक लाख ११ हजार १११ रुपैया बराबरको चेक हस्तान्तरण गर्नुभएसंगै अक्षयकोषको रकममा बृद्धि भएको हो। यस अघि गुप्तेश्वर गुफा महादेव अक्षयकोष एक करोड, इन्द्रेणी बचत तथा ऋण सहकारी संस्थाको ५० हजार, प्रा.डा. भुपति ढकाल(कमल) पुर्खाहरुको स्मृतिमा रु.दुई लाख २२ हजार, २२२, खगराज कला साहित्य उत्थान अक्षयकोष एक लाख एक हजार, लिलाकुमारी अक्षयकोष एक लाख, लक्ष्मी पौडेल जेहेन्दार तथा गरिब छात्रवृत्ति अक्षयकोष ५२ हजार, धर्मकला पौडेल स्मृति अक्षयकोष रु.५१ हजार १५१ गरिदिनु भएको थियो। त्रिभुवन विश्वविद्यालयका उपकुलपति प्रा.डा. शिवलाल भुसालले अधिवेशनको उद्घाटन गर्दै शैक्षिक क्षेत्रमा समुदाय र सामाजिक व्यक्तित्वको अतुलनीय योगदान रहदै आएको बताउनुभयो। गुणस्तरीय शिक्षा र सिपयुक्त जनशक्ति उत्पादन



भएपनि मुलुकमा रोजगारीको अवसर प्राप्त गर्न नसक्दा शैक्षिक एवम् दक्ष्य युवाशक्ति विदेशीन बाध्य भएको बताउँदै उहाँले त्यसका लागि तीनै तहका सरकार जिम्मेवार भएर अघि बढ्नु पर्ने आवश्यकता औल्याउनुभयो। त्रिविविले अन्तिम सेमेस्टरको परिक्षा एवम् रिजल्ट क्यालेण्डरका आधारमा प्रकाशित गर्दै आएको बताउँदै उपकुलपति भुसालले विदेशी शैक्षिक संस्थालाई जथाभावि सम्वन्धन प्रदान गरेको कारण सामुदायिक क्याम्पसमा विद्यार्थीको आकर्षण घटेको स्पष्ट पार्नुभयो।

गण्डकी प्रदेश सभा सदस्यव्दय भिमबहादुर कार्की र प्रकाश बराललले मुलुक र समाजको आवश्यकतासंगै विश्व बजारको आवश्यकता अनुसारको गुणस्तरीय शिक्षामा जोड दिनुपर्ने आवश्यकता औल्याउनुभयो। क्याम्पस सञ्चालनमा अतुलनीय योगदान पुऱ्याउने व्यक्तित्वहरुलाई सम्मानपत्र र दोसल्लाले सम्मान गरिएको कार्यक्रममा विभिन्न संकायमा अध्ययनरत ८८ जना विद्यार्थीलाई पूर्ण र आंशिक छात्रवृत्ति वितरण गरिएको थियो। शिक्षाशास्त्र संङकाय स्नातक तह(बीएड),व्यवस्थापन(विविएस),स्नातकोत्तर तह( एम्बीएस), बीएचएम र बीआइएमका कक्षा सञ्चालनमा त्रिविविबाट सम्बन्धन प्राप्त यस क्याम्पसमा हाल नौसय भन्दा बढी विद्यार्थीमध्ये ७३ प्रतिशत छात्रा अध्ययनरत रहेको क्याम्पस प्रमुख धर्मराज बराललले प्रस्तुत गर्नुभएको बार्षिक प्रतिवेदनमा उल्लेख छ।

क्याम्पस सञ्चालक समितिका अध्यक्ष श्रीराम सुवेदीको अध्यक्षतामा भएको कार्यक्रममा त्रिविविका डिन प्रा.डा. डिल्लीराज सुवेदी, त्रिविवि अनुसन्धान निर्देशनालयका निर्देशक सहप्राध्यापक विष्णुप्रसाद खनाल,कार्यवाहक वडा अध्यक्ष विक्रम गुरुङ, नेकपा एमालेका ऋषभ तिमिला, कांग्रेसका देवीप्रसाद आचार्य, माओवादीका शालिग्राम देवकोटा, भविष्य निर्माण मावि व्यवस्थापन समिति अध्यक्ष कमल भुजेल, सिर्जनशिल विद्यार्थी मञ्चका अध्यक्ष शिवम शाही ठकुरी, लगायतले शैक्षिक क्षेत्रमा क्याम्पसले पुऱ्याउँदै आएको योगदानका बारेमा प्रकाश पार्नुभएको थियो।

# एसिसी वुमेन्स प्रिमियरमा सहभागी हुने क्रिकेट टिमलाई सदस्य सचिवद्धारा हौसला प्रदान

**पोखरापत्र संवाददाता**
पोखरा, ६ माघ

एसिसी वुमेन्स प्रिमियर कप २०२४ मा सहभागी हुने नेपाली राष्ट्रिय महिला क्रिकेट टोलीलाई राखेपका सदस्य सचिब टंकलाल घिसिङले भेटघाट गर्दै उत्कृष्ट खेल प्रर्दशन गर्न आग्रह गर्नु भएको छ।

मलेसियामा आगामी फेब्रुअरी १० बाट हुने एसिसी वुमेन्स प्रिमियर कप २०२४ मा सहभागि हुने नेपाली टोली पोखराम बन्द प्रशिक्षणमा रहेको टोलीलाई शनिबार मैदानमै पुग्नु भएको सदस्य सचिव घिसिङले क्रिकेटमा राम्रो नतिजा आएकोले यसमा धेरेको अपेक्षा भएकोले अझ राम्रो खेल प्रर्दशन गर्न आग्रह गर्नु भएको हो। क्रिकेटमा जति प्रशंसा भएको छ उत्तिकै चुनौती रहेकोले त्यसको सामना गर्न सक्नुपर्ने उहाँको भनाई थियो। नेपाली क्रिकेटले अन्तर्राष्ट्रियस्तरमा पाएको सफलताले नेपाली खेलकुदको उचाई थपिएको सदस्य सचिव घिसिङले दाबी गर्नु भयो। छोटो समयमै नेपाली क्रिकेटले प्राप्त गरेको सफलताले हामी सबैको मन जित्न सफल भएको उहाँको भनाई छ। टिम व्यबस्थापकलाई



उहाँले आवश्यक पर्ने आधार भूत बिषयमा कुनै कन्जुस्याई नगर्न आग्रह गर्दै खेलाडीलाई हौसला प्रदान गर्नु भएको थियो। पोखरा रंगशालास्थित क्रिकेट खेल मैदानमा टोलीले करिब तीन साता प्रशिक्षण गर्ने भएको प्रादेशकी क्रिकेट संघ गण्डकीका अध्यक्ष संजयकान्त सिग्देले बताउनु भयो। टिम प्रशिक्षक मनोज कटुवालले उक्त टिमबाट १८ सदस्यिय टोलीको घोषणा समेत गरिने बताउनु भयो। एसीसी वुमन्स प्रिमियर कप टी २० फर्म्याटमा आगामी फेब्रुअरी १० देखि १८ सम्म मलेसियामा हुनेछ। प्रतियोगितामा कूल १६ टोलीले प्रतिस्पर्धा गर्नेछन्। प्रतियोगितामा आयोजक मलेसियासहित नेपाल, थाइल्याण्ड, युएई, हङकङ, चीन, म्यानमार, इन्डोनेसिया, भुटान, बहराइन, ओमान, कुवेत, सिंगापुर, जापान, कतार र माल्दिभ्स सहभागि हुनेछन्। फाइनलमा पुग्ने दुई टोलीले आगामी जुलाईमा हुने महिला टि २० एसिया कप खेल्न पाउनेछन्। इन्दु बर्माको कप्तानीमा रहेको नेपाली महिला राष्ट्रिय टोलीमा बिन्दु रावल, रुबिना क्षेत्री, सीता रानामगर, काजोल श्रेष्ठ, सबनम राई, संगिता राई, अप्सरी बेगम, कविता जोशी, कविता कुँवर, सम्झना खड्का, लक्ष्मी साउद, डली भट्ट, अश्मिना कर्माचार्य, सोनी पाखिन, एसोदा विष्ट, खुशी डंगोल, रोमा थापा, सोमु विष्ट, ममता चौधरी, पुजा महतो, आरती महतो, ज्योत्स्निका मरासिनी र लक्ष्मी चौधरी रहेका छन्।

# दुर्लभ पक्षी चिरकालिज लोप हुने अवस्थामा

**पोखरापत्र संवाददाता**
म्याग्दी, ६ माघ

पाँच वर्षअघि म्याग्दीको मङ्गला गाउँपालिका-१ कुहूँ हिदीको जङ्गलमा प्रशस्तै देखिएका दुर्लभ पक्षी चिरकालीज यस वर्ष एउटा पनि भेटिएन।

त्रिभुवन विश्वविद्यालयमा एमएससी (प्राणीशास्त्र) विभागका केशव चोखालले एक वर्ष लगाएर म्याग्दी जिल्लाका विभिन्न ठाउँमा पुगेर गर्नुभएको अनुसन्धानबाट पाँच वर्षअघि यहाँ करिव ६० वटा चिरकालिज पाइएकामा उचित वातावरणको अभावका कारण अहिले ती चिरकालिजहरू नभेटिएको बताउनुभयो। चिरकालिजका विषयमा निरन्तर अनुसन्धान गर्दै आउनुभएका चोखाल चिरकालिज संरक्षण अभियान लिएर कुहूँ पुग्नुभएको हो। उहाँले कृषकको साथीका रूपमा मानिएको चिरकालीज किसानबाट नै सुरक्षित हुन नसकेकाले लोप हुने अवस्थामा पुगेको बताउनुभयो। कुहूँमा मात्रै होइन पछिल्ला केही वर्षयता उचित वातावरणको अभावका कारण यो पक्षी जिल्लाका अरू ठाउँबाट समेत लोप हुने अवस्थामा पुगेको चोखालको भनाइ थियो। गत वर्ष कालीगण्डकी क्षेत्रको पश्चिमी भेगमा चोखालको नेतृत्वमा नै गरिएको अनुसन्धानमा पनि चिरकालिजको सङ्ख्या घटेको पाइएको थियो। "विगत पाँच वर्षअघिसम्म कालीगण्डकी नदीको पश्चिम क्षेत्रमा चिरकालिज प्रशस्तै पाइन्थे। म्याग्दीमा गत वर्ष गरेको मेरो अध्ययनअनुसार डडुवा, थाइबाङ, हिदी, मुना, मुदी, खिबाङलगायत क्षेत्रमा चिरकालिज कम मात्रामा भेटिएका छन्," अध्येता चोखालले भन्नुभयो, "तर यस वर्ष भने चिरकालिजका लागि उपयुक्त मानिएको भूगोल (हिदी) मा नै भेटिएनन्।" सीमित सङ्ख्या, निश्चित बासस्थान, न्यून प्रजनन क्षमता, बासस्थानको अभाव र अवैध चोरी सिकारीलगायत कारणले सरकारबाट संरक्षित पक्षी चिरकालिज लोप हुने स्थितिमा पुगेको उहाँले बताउनुभयो। चिरकालिजको संरक्षण अभियानअन्तर्गत जङ्गलमा नै पुगेर गरिएको अध्ययनअनुसार व्यापकरूपमा आगलागी, बन्दुक हान्ने, पासो थाप्ने, कतिपय स्थानमा त चिरकालिजलाई मारेर निर्यात गर्ने गरेको समेत पाइएको अनुसन्धानकर्ता चोखालले बताउनुभयो।


इन्द्रै विन्ती गरुन् झुकेर पदमा त्यो विन्ती मान्दैन त्यो।
आयो टप्प टिप्यो, लग्यो, मिति पुग्यो टारेर टर्दैन त्यो॥

## भावपूर्ण श्रद्धान्जली

जन्म
१००८ जेठ १९



स्वर्गारोहण
१०८० पौष १४

स्व. लक्ष्मी सुन्दरी कर्माचार्य

कर्माचार्य समाज कास्की, गण्डकी प्रदेशका अध्यक्ष चन्द्रकृष्ण कर्माचार्यका धर्मपत्नी तथा यस समाजका सदस्य माईकल कर्माचार्य र कर्माचार्य महिला समाज कास्कीका अध्यक्ष रेखा कर्माचार्यकी ममतामयी आमा स्व. लक्ष्मी सुन्दरी कर्माचार्य यस धर्तीवाट देहत्याग गरी ब्रम्हलीन हुनु भएको १३औं दिनको पून्य तिथीमा दिवंगत आत्माको चीरशान्ति तथा बैकुण्ठवासको कामना गर्दै हार्दिक श्रद्धान्जली अर्पण गर्दछौं। साथै शोक सन्तप्त परिवारजनमा धैर्य धारण गर्ने शक्ति प्राप्त होस भनि भगवानसंग प्रार्थना गर्दै हार्दिक समवेदना प्रकट गर्दछौं।

कर्माचार्य समाज कास्की, गण्डकी
कर्माचार्य महिला समाज, कास्की
परिवार